
# लेखापरीक्षण प्रतिवेदन

# गढवा गाउँपालिका, दाङ

## आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गढवा गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/652

श्रीमान् अध्यक्षज्यू,
गढवा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/652

श्रीमान् अध्यक्षज्यू,
गढवा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २.कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस गाउँपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.१ अर्व ७१ करोड ८५ लाख ८३ हजारको लेखापरीक्षणबाट रु.८ करोड २४ लाख ४८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.३ लाख ५८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.२ लाख ८८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२७ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.७ करोड ७९ लाख ३७ हजार र पेश्की बाँकी रु.१० लाख ७१ हजार गरी जम्मा रु.८ करोड २० लाख ९० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.४१ करोड ११ लाख ६५ हजारमध्ये वर्ष रु.२८ लाख ९ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत **हालसम्म अद्यावधिक बेरुजु रु.४९ करोड ४ लाख ४६ हजार** बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा -** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। **गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गढवा गाउँपालिकाको** वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा

सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | २५ | ८,२४,४८,७९० | ० | ५ | ३,५८,२२७ | ० | ५६ | २० | ८,२०,९०,५६३ | २,८८,००० | ७,७९,३७,१३७ | २७,९४,२९६ | ० | ० | ८,०७,३१,४३३ | १०,७१,१३० |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दाङ | ४१,११,६४,८८१ | ० | २८,०९,३२५ | ४०,८३,५५,५५६ | ० | ८,२०,९०,५६३ | ४९,०४,४६,११९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ३४ | सुपरभाईजरलाई बढि भुक्तानी | १७,२५० |
| २ | २०८१/८२ | २८ | राजस्व तथा आन्तरिक आय | ३,३९,७०२ |
| ३ | २०८१/८२ | २७ | बढी भुक्तानी | १,२७५ |
| **जम्मा** | | | | **३,५८,२२७** |
| **गत विगत वर्षहरुको सम्परीक्षण** | | | | |
| ४ | २०८०/८१ | 34 | पेश्की बाँकी- | ३,४९,००० |
| ५ | २०८०/८१ | 20.६ | आन्तरिक आयतर्फ- | ६२,५५८ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७९/८० | ५८ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २३,९७,७६७ |
| **जम्मा** | | | | **२८,०९,३२५** |
| **कुल जम्मा** | | | | **३१,६७,५५२** |

# गढवा गाउँपालिका, दाङ

# ( ८०५५६५०१३०० )

# गढवा गाउँपालिका , दाङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा रहेका छन् भने क्षेत्रफल ३५८.५७ वर्ग किलोमिटर तथा ४५,८९८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।१८ देखि २०८२।७।२२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आयव्यय जम्मा रु.१ अर्व ७१ करोड ८५ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५१२०४५ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | दिवा खाजाको बढी निकासा फिर्ता | १६५८८२ |
| २ | छात्रवृत्ति बढी निकासा फिर्ता | १८४०० |
| ३ | पाठ्यपुस्तकको बढी निकासा फिर्ता | ४०४०४ |
| ४ | शिक्षकको तलब बढी फिर्ता | २०३१७ |
| ५ | बढी भुक्तानी फिर्ता | ३०१२६ |
| ६ | आर्थिक वर्षको अन्त्यसम्म कट्टी भएको दाखिला | २३६९१६ |

२ **एकीकृत वित्तीय प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ३४१९०११७.८८ | चालु खर्च | | ३६८६४३८८३.८८ |
| १.संचित कोष | १३८४८८३६.७६ | | १. पालिका तर्फ | १८६३८१७२६.०२ | |
| २.धरौटी | १७४५६५२३.४५ | | २. संघीय सशर्त | १७९३३७११७.८६ | |
| ३.कार्यसञ्चलन कोष | | | ३. संघीय विशेष | | |
| ४. प्रकोप व्यवस्थापन कोष | ११६३४०.६७ | | ४. प्रदेश सशर्त | १६६६१४० | |
| कर्मचारी कल्याणकोष | २३६३७८८ | | ५. प्रदेश विशेष | १२५८९०० | |
| विविध खर्च खाता | ४०४६२९ | | पुँजीगत खर्च | | २३२२४५५६२ |
| यस वर्षको आय | | | १. पालिका तर्फ | १६२५०३०५७ | |
| १.आन्तरिक आय | २२५६३१२८.०९ | २२५६३१२८.०९ | २. संघीय सशर्त | ५९९५०५१० | |
| २.राजस्व बाँडफाँट स्थानिय | ७७६०६४८९.८२ | ७७६०६४८९.८२ | ३. संघीय विशेष | | |
| २.वित्तीय हस्तान्तरण (संघ) | | ५१४२५१८४४ | ४. संघीय समपूरक | | |
| क) समानीकरण अनुदान | ११४१४९४४० | | ५. प्रदेश सशर्त | ५४८१९०० | |
| ख) राजस्व बाँडफाँट | ११८३१४९२९.६९ | | ६. प्रदेश विशेष | | |
| ग) सशर्त अनुदान | २७२८५१००० | | ७. प्रदेश समपूरक | ४३१००९५ | |
| घ) समपूरक अनुदान | ८९३६४७४ | | अन्तर सरकारी अख्तियारी (संघ) | | १६४२४७००५.९ |
| ङ) विशेष अनुदान | | | क) सामाजिक सुरक्षा | १५९४४४८४४.९५ | |
| च) रोयल्टी | | | ख) विद्यालय क्षेत्र योजना | २२८००० | |
| छ) अन्य | | | रोजगार प्रवर्धन कार्यक्रम | १८८७०० | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ३५२३९७३८ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४०८५४६०.९५ | |
| क) समानीकरण अनुदान | ८५८०००० | | ऋण फिर्ता(साँवा) | | |
| ख) राजस्व बाँडफाँट | १३८७७५११.७७ | | ऋणको ब्याज भुक्तानी | | |
| ग) सशर्त अनुदान | ७१९६२३१ | | धरौटी फिर्ता तथा सदर स्याहा | | |
| घ) समपूरक अनुदान | ४३१००९५ | | कार्यसञ्चालन कोषबाट भएको खर्च | | |
| ङ) विशेष अनुदान | १२७५९०० | | अन्य कोषबाट भएको खर्च | | |
| च) रोयल्टी | | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |

| | | | | | |
|---|---|---|---|---|---|
| छ) अन्य | | | अन्य सहयोगमा सञ्चालित योजना | | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १६४२४७००५.९ | अन्य खर्च भएमा | | |
| क) सामाजिक सुरक्षा | १५९४४४८४४.९५ | | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३००००० | |
| ख) विद्यालय क्षेत्र योजना | २२८००० | | धरौटी फिर्ता | ४५६०९९६ | ४५६०९९६ |
| रोजगार प्रवर्धन कार्यक्रम | १८८७०० | | विविध खर्च खाता | ३७१२९१७० | ३७१२९१७० |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४०८५४६०.९५ | | प्रकोप व्यवस्थापन कोष | ७४६३८४५ | ७४६३८४५ |
| श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३००००० | | कर्मचारी कल्याणकोष | | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | | अनुदान फिर्ता(संघ तर्फ) | | ३३५६४३७२.१४ |
| ७. धरौटी आय | १२२२७८०१ | १२२२७८०१ | क) सशर्त अनुदान | ३३५६३३७२.१४ | |
| ८. कार्यसञ्चालन कोष आय | | ४४२९०२७० | ख) विशेष अनुदान | | |
| क) प्रकोप व्यवस्थापन कोष | ७५००००० | | ग) समपूरक अनुदान | १००० | |
| ख) कर्मचारी कल्याणकोष | | | २. प्रदेश तर्फ | | ६५१९१ |
| ग) विविध खर्च खाता | ३६७९०२७० | | क) सशर्त अनुदान | ४८१९१ | |
| ९. अन्य कोषको आय | | | ख) विशेष अनुदान | १७००० | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | ग) समपूरक अनुदान | | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | अन्तिम मौज्दात | | ५६९३३२८४.२३ |
| १२. अन्य आय भएमा | ७११५४ | ७११५४ | १. संचित कोषको मौज्दात | २९२२७९४३.११ | |
| १३.कट्टी दाखिला गर्न बाँकी | १६५७६२ | १६५७६२ | २. धरौटी | २५१२३३२८.४५ | |
| | | | ३. प्रकोप व्यवस्थापन कोष खाता | १५२४९५.६७ | |
| | | | ४. विविध खर्च खाता | ६५७२९ | |
| | | | ५.विविध कोष खाता(कर्मचारी कल्याण कोष ) | २३६३७८८ | |
| जम्मा | ९०४८५३३१०.१५ | ९०४८५३३१०.१५ | जम्मा | ९०४८५३३१०.१५ | ९०४८५३३१०.१५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा निम्नानुसार देखिएको छ :-

३.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५९४४४८४४.९५, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४०८५४६०.९५, रोजगार प्रवर्धन कार्यक्रमको १८८७००, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रु.३००००० र विद्यालय शिक्षा क्षेत्र योजनाको रु.२२८००० समेत गरी रु. १६४२४७००५.९० एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। साथै खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छ:

| संकेत | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रु. | बैंक अनुसार बाँकी रु. |
|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | ० |
| ग १.२ | बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.२ | चालु खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.४ | पुँजीगत खर्च खाता – जोर वर्ष | ० | ० |
| ग २.७ | विविध खर्च खाता | ६५७२९ | ६५७२९ |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | २५१२३३२८.४५ | २५१२३३२८.४५ |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | २९२२७९४३.११ | २९२२७९४३.११ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | २३६३७८८ | २३६३७८८ |
| ग६.१ | स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ११५२४९५.६७ | ११६३४०.६७ |
| जम्मा | | ५६९३३२८४.२३ | ५६९३३२८४.२३ |

३.३ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सूत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) को अनुसूची - २ मा फिर्ता गरेको अनुदान रु.३३६२९५६३.१४ मिति २०८२।३।२९ फिर्ता गरेको विवरण पेश भएको छ।

| अनुदान प्रदान गर्ने | अनुदान विवरण | कुल प्राप्ति रकम | खर्च रकम | फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| संघीय सरकार | सशर्त अनुदान | २७२८५१००० | २३९२८७६२७.८६ | ३३५६३३७२.१४ | २०८२।३।२९ |
| | समपूरक अनुदान | ८९३६४७४ | ८९३५४७४ | १००० | |
| जम्मा | | २८१७८७४७४ | २४८२२३१०१.८६ | ३३५६४३७२.१४ | |
| प्रदेश सरकार | सशर्त अनुदान | ७१९६२३१ | ७१४८०४० | ४८१९१ | २०८२।३।२९ |
| | विषेश अनुदान | १२७५९०० | १२५८९०० | १७००० | |
| | समपूरक अनुदान | ४३१००९५ | ४३१००९५ | ० | |
| जम्मा | | १२७८२२२६ | १२७१७०३५ | ६५१९१ | |
| **कुल जम्मा** | | **२९४५६९७००** | **२६०९४०१३६.८६** | **३३६२९५६३.१४** | |

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रु.२८ करोड १७ लाख ८७ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. २४ करोड ८२ लाख २३ हजार बजेट खर्च भई बाँकी रु. ३ करोड ३५लाख ६४ हजार मिति २०८२।३।२९ मा सङ्घीय सञ्चित कोषमा

फिर्ता गरेको देखिन्छ। प्रदेश सरकारबाट रु.१ करोड २७ लाख ८२ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. १ करोड २७ लाख १७ हजार बजेट खर्च भई बाँकी रु. ६५ हजार मिति २०८२।३।२९ मा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ।

४ **बजेट तथा कार्यक्रम**

४.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.२ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.६७ करोड ३७ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१२ मा पारित भएको देखिन्छ। यसैगरी अध्यक्षले मिति २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २९५ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | १३७ | २१ | ५४ | ६२ |
| २ | वडा स्तरीय | १५८ | ० | १८ | १४० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्नसक्ने हुन्छ। पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

४.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष थपघट समेत कार्यापालिकाको निर्णयबाट पुँजीगत तथा चालु शीर्षकका १३१ वटा योजना तथा कार्यक्रम घट गरी थप १२७ वटा योजना तथा कार्यक्रममा रु.६ करोड ८८ लाख ३२

हजार बजेट थप रकमान्तर गरेको छ। उक्त रकम सुरु बजेट रु. ७१ करोड २६ लाख ६८ हजारको तुलनामा ९.६५ प्रतिशत हुन आउछ। साथै रकमान्तर गरेको रकम मध्ये निम्नानुसार ८ योजनामा रु. २३ लाख ५० हजार खर्च गरेको देखिएन। पालिकाले सभाबाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने परिपाटी सुधार हुनुपर्दछ। खर्च नहुने नयाँ योजनामा रकमान्तर गर्नु उचित देखिएन।

(रु.हजारमा)

| क्र.स. | योजनाको नाम | रकम रु हजारमा |
|---|---|---|
| १ | जग्गा ब्यवस्थापन कार्यक्रम | ५० |
| २ | रासी नदिमा सवदाह स्थल निर्माण | ५०० |
| ३ | मुसिनाका खानेपानी पाइप बिस्तार तथा मर्मत | ५०० |
| ४ | पालिकाको लोगो निर्माण | १०० |
| ५ | वडा भरि बाटोमा खाल्डाखुल्डी फिलिङ वडा नं. ७ | २५० |
| ६ | खबरी सिचाई निर्माण वडा नं. ६ | ५०० |
| ७ | जानकी कुँवा देखि आसे घरसम्म पि.सि.सि बाटो निर्माण | ४०० |
| ८ | गढवा बजार क्षेत्रमा हरियालीका लागि सडक पेटी छेउमा बृक्षारोपण | ५० |
| जम्मा | | २३५० |

४.५ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची -२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

(रु.हजारमा)

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुँजीगत खर्च | २३२२४५ | २३३९७ | ४०२०६ | ४५३९६ | १२३२४६ | ९३७९८ |
| खर्च प्रतिशत | १०० | १०.०८ | १७.३२ | १९.५४ | ५३.०६ | ४०.३८ |

पालिकाको पुँजीगत तर्फ रु. २३ करोड २२ लाख ४५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२करोड ३३ लाख ९७ हजार (१०.०८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४ करोड २ लाख ६ हजार (१७.३२ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु. ४ करोड ५३ लाख ९६ हजार (१९.५४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १२ करोड ३२ लाख ४६ हजार (५३.०६ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ३७ लाख ९८ हजार (४०.३८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित रुपले खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ। वर्षान्तिमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने हुँदा नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रु.हजारमा)

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०८८१४ | ९६२५५ | १६.०१ |
| २ | सामाजिक विकास | ३३०२६६ | २८७९३० | ४७.९२ |
| ३ | पूर्वाधार विकास | १३५७३० | ८९८३६ | १४.९६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९१८२ | १७८४६ | २.९६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११८६७६ | १०९०२२ | १८.१५ |
| | **जम्मा** | **७१२६६८** | **६००८८९** | १०० |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८४.३१ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४७.९२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.९६ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

## ५ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.२करोड २५ लाख ६१ हजार, राजस्व बाँडफाँट र अनुदानबाट रु. ५९ करोड ३४ लाख ७० हजार समेत रू. ६१ करोड ६० लाख ३१ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३६ करोड ८६ लाख ४४ हजार र पुँजीगत तर्फ रु.२३ करोड २२ लाख ४५ हजार समेत रु. ६० करोड ८ लाख ८९ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.७५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. ८४ लाख ६४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३७.५१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६१.३४ प्रतिशत चालु र ३८.६६ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको दखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको भएतापनि प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। यस सम्वन्धमा देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।

• सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले वार्षिक खरिद योजना तयार गरेको छैन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालयको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• मर्मत संभार अभिलेख खाता, मर्मत आदेश, जिन्सी दाखिला प्रतिवेदन, भ्रमण अभिलेख खाता लगायतका विषयहरु महालेखा नियन्त्रण कार्यालयद्वारा निर्मित तथा महालेखा परीक्षकद्वारा स्विकृत म.ले.प.फा.नं र PAMS V2 को प्रभावकारी रुपमा प्रयोग गरेको पाइएन।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्दृढ बनाउनु तर्फ ध्यान दिनुपर्दछ।

## ७ पाम्सको प्रयोग

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। पालिकाले खरिद गरेको मालसामान PAMS प्रणालीमा प्रबिष्ट गर्ने गरेतापनि वडा कार्यालयबाट खरिद भएका मालसामानहरु PAMS दाखिला गरेको देखिएन।ऐन नियमावलीमा व्यवस्था भए बमोजिम PAMS प्रणाली लागु गर्नुपर्दछ।

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ **तलबी प्रतिवेदन** - लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामति सेवा ऐन,२०८१ को दफा ७०(४) मा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ २४ कर्मचारीको रु.२ करोड ४६ हजार र पालिकातर्फ ३५ जना कर्मचारीको रु.२ करोड ३३ लाख ५४ हजार गरी रु.४ करोड ३४ लाख खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

८.२ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाबाट उपलब्ध गराएको विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७३ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ५९ जना कर्मचारी पदपूर्ती भएको देखिन्छ भने जसमध्ये १ जना सिभिल इन्जिनियर फाजिलमा भएको देखिन्छ। कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन सेवा तर्फ ९ जना र इन्जिनियरिङ सेवा सिभिल समूह ३ लगायत १५ पद रिक्त रहेको देखिन्छ। रिक्त पदको प्रदेश लोकसेवा आयोगमा माग गरेता पनि पदपूर्ति नभएको पालिकाले जनाएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ। स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

## ९ कानुन निर्माण एवं कार्यान्वयन

९.१ **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले हालसम्म २ वटा ऐन, ७ कार्यविधि अन्य ५ लगायत १४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको देखिन्छ।

९.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २७ र यो वर्ष थप भएको १०३ गरी कुल १३० विवाद दर्ता भएकोमा यो वर्ष ९६ फर्स्योट भई ३४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## १० विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा

सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष विविध खर्चतर्फ कुल आन्तरिक आय रु.२२५६१७२४ को तुलनामा करिव ११.३१ प्रतिशत अर्थात् रु.२५५२१४४ खाना, खाजा, पानी, चिया तथा विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको बिल भरपाई पेश भएतापनि कतिपय खर्चका बिलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण संलग्न गरेर खर्च व्यवस्थापन गर्नुपर्दछ।

११ **ईन्धन खर्च**

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ परिच्छेद २ मा सवारी साधन पाउने पदाधिकारीलाई इन्धन सुविधा पाउने मापदण्ड रहेको छ। पालिकामा ट्याक्टर, कृषि एम्बुलेन्स, दमकल लगायतका विभिन्न प्रकारका सवारी साधन रहेकोमा सवारी साधनको लागि पाउन ईन्धन सुविधा सम्बन्धमा मापदण्ड कार्यविधि बनाएको छैन।पालिकाबाट प्राप्त विवरण अनुसार चालु हालतमा रहेका मोटरसाइकल - २७, स्कुटर -१, स्कार्पियो -१, पिकअप -१, दमकल -१, ट्याक्टर -१, कृषि एम्बुलेन्स -१ समेत जम्मा ३३ सवारी साधन सञ्चालनमा रहेको देखिन्छ। यस वर्ष पालिकाले ईन्धन वापत रु.४४ लाख ५६ हजार खर्च गरेको छ। इन्धन खर्च गर्दा मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

१२ **सामुदायिक वन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन ऐन, २०७६ को दफा २२ मा सामुदायिक वन उपभोक्ता समूहले कार्य योजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, बिक्री गरेको वनपैदावरको वार्षिक विवरण लगायतका कागजात र विवरण स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ। पालिकाभित्र ३८ वटा सामुदायिक वन उपभोक्ता समूह रहेकोमा नियमावली बमोजिमका विवरण बुझाएको देखिएन भने सामुदायिक वन उपभोक्ता समूहले आर्जन गरेको वार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गरेको देखिएन। पालिकाले आफ्नो कार्य क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी आवश्यक सहयोग तथा सहजीकरण गरी वार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम गरिबी न्यूनीकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

१३ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संस्था |
|---|---|---|
| जन्मदर्ता | ९९७ | ९९७ |
| मृत्युदर्ता | ३०८ | ३०८ |
| बसाइँसराइ दर्ता | २८६ | २८६ |
| विवाह दर्ता | ४२१ | ४२१ |
| सम्बन्धविच्छेद दर्ता | ४३ | ४३ |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | ७ कि.मि. | ७ कि.मि. |
| ग्राभेल सडक निर्माण | १४ कि.मि. | १४ कि.मि. |
| ग्राभेल सडक मर्मत | १३कि. मि. | १३कि. मि. |

१४ **सफ्टवेयर खरिद तथा सञ्चालन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष स्वास्थ्य ओपिडि,ल्याब,फार्मेसी सेवा सञ्चालन सफ्वेयर निर्माणमा रु.१७५९०० खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर सञ्चालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको देखिएन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

१५ **नगर प्रहरीको सुविधा**

गाउँपालिकाको नगर प्रहरी ऐन, २०७९ को दफा १२ मा नगर प्रहरीको कार्यविवरणमा प्राकृतिक स्रोत साधनको संरक्षण, राजस्व चुहावट तथा चोरी निकासी जस्ता अपराधिक कार्यको रोकथाम तथा नियन्त्रणको कार्य गर्ने उल्लेख छ। पालिकाले सभाको निर्णयबाट यस वर्ष रासन सुविधा बापत प्रति महिना प्रति नगर प्रहरी रु.४०००, नगर प्रहरी कमाण्डरलाई जिम्मेवारी बापत प्रति महिना थप रु. २००० र नगर प्रहरी सहायक कमाण्डरलाई जिम्मेवारी बापत प्रति महिना थप रु.१००० सुविधा उपलब्ध गराएकोमा कार्यपालिकाको निर्णयको आधारमा नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रण गरे बापत थप २५ प्रतिशत प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराएको देखिन्छ।

१६ **आन्तरिक आय**

१६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५२७२१८ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.२२५६१७२४ अर्थात अनुमान भन्दा ७९२.७४ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१६.२ **कर तथा शुल्क असुली** - यस पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा आन्तरिक आय असुल गरेको राजस्वको स्थिति निम्न अनुसार रहेको छः-

| आम्दानी शीर्षक | आ.व.२०७९।८० कोअसुली | २०८०।८१ को असुली | २०८१।८२ अनुमान | २०८१।८२ को असुली |
|---|---|---|---|---|
| सम्पति कर | १५२२२०७ | २४८९८५ | १०००००० | ३२७९२५ |
| भूमिकर/ मालपोत | ० | ७०६१९० | १५००००० | ८३२७७८ |
| घरजग्गा रजिष्टेशन दस्तुर | ० | ३१०० | ० | ० |
| वहाल कर | ५६२५९६ | १५४५१५१ | १०००००० | २६६२३७९ |
| वहाल विटौरी कर | ३०९०६७ | ४४०२०० | ५००००० | ० |
| व्यवसायले भुक्तानी गर्ने | ० | १७५०० | ० | ० |
| अन्य मनोरञ्जन कर | २३००००० | १०० | ० | २१५००० |
| कृषितथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ० | १८६७७० | ० | १५००००० |
| अन्य कर | ० | ० | ० | ११२८९२ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ७६९०७१ | ११००००० | १२६२८० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ० | ५६०० | ० | ९७८७० |
| विद्युत सेवा शुल्क | ० | ४९७९६ | ० | ५१०० |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | ११९०० | ० | ९६७२ |
| न्यायिक दस्तुर | ८२०० | १२००० | २०००० | १०८०० |
| परीक्षा शुल्क | ० | ११२१५० | ० | १७८०७५ |
| अन्य प्रशासनिक सेवा शुल्क | २३०६६७३ | ५२३९०० | १०००००० | १४४४९५६ |
| नक्सापास दस्तुर | १५९५४९ | ४९०६११ | ५००००० | ७६६११४ |
| सिफारिश दस्तुर | ३४५६१७५ | २१९२२१० | ३०००००० | २६५९३१७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ४९६५०० | ३९२१५० | ५००००० | १२७२३९८ |
| नाता प्रमाणित दस्तुर | १५६२९८ | १३१९१० | २००००० | ११२०८४ |
| अन्य दस्तुर | ० | १४८१०७० | ० | २०१०१५७ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५५७२८४० | ४८३७२० | १०००००० | ७०१७४६ |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ० | ० | १००० | ० |
| विद्युत सम्बन्धी दस्तुर | ० | १२०० | ० | ७९०० |
| अन्य क्षेत्रको आय | ० | १७०० | ० | ३२२९ |
| प्रशासनिक दण्ड, जरिबाना र जफत | ५७८२५ | ५०००० | ३००००० | ७६००२० |

| | | | | |
|---|---|---|---|---|
| अन्य राजस्व | ० | ६७३९३१ | ० | ४६८४२८२ |
| व्यवसाय कर | ५४१६१६ | १३७२१०८ | १५००००० | १४८७५५० |
| बेरूजु | ० | १३५७२२६ | ५००००० | ४४२००० |
| निकासा फिर्ता | ० | ० | ० | १३१२०० |
| जम्मा | १७४४९५४६ | १३२५९४४८ | १३६२१००० | २२५६१७२४ |

पालिकाको विवरण अनुसार पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको देखिएकाले उल्लिखित अनुमान यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र अनुमान यथार्थपरक गर्नुपर्दछ।

१६.३ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१४८७५५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१६.४ **घ वर्गका निर्माण व्यवसायीहरुको दर्ता र नवीकरण -** घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७४ को दफा ३ को उपदफा ३ अनुसार व्यवसायी नवीकरणको म्याद नाघेको ६ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीबाट थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिने व्यवस्था छ। पालिकाले यस वर्ष म्याद नाघेको १२ वटा निर्माण व्यावसायीसँग थप दस्तुर नलिई नवीकरण गरेको नियम सम्मत देखिएन। पालिकाले कार्यविधिको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

## १७ कृषि अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदी सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नता रहे गरी सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत यस वर्ष यस पालिकामा विभिन्न ब्यक्ति तथा समूहको लागि रु.३४ लाख ७६ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिकरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदानको किसिम | ब्यक्ति /संस्था तथा समूह संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| १ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान गहुँ) | ५० प्रतिशत | १४९४ जना | १०७५ |
| २ | कृषि उपज संकलन केन्द्र | १०० प्रतिशत | १ संकलन केन्द्र | ६७६ |
| ३ | माटो परीक्षण शिविर सञ्चालन र मिनि ल्याब ब्यवस्थापन | १०० प्रतिशत | २२५ जना/८ वटा शिविर | १९९ |
| ४ | मागमा आधारित विषादी प्रयोग तथा बाली रोग नियन्त्रण र जैविक विषादी निर्माण तालिम | १०० प्रतिशत | ४५० जना/ १५समूह | ४९६ |
| ५ | गौशालामा गड्यौला मल उत्पादनका लागि स्थायी टहरा निर्माण कार्यक्रम | १०० प्रतिशत | १ गौशाला | १९० |
| ६ | पिडालुको बीउ सहयोग | ५० प्रतिशत | १२ जना | ४९ |
| ७ | करार खेतीमा अनुदान सहयोग | पहिलो वर्ष १०० र दोस्रो वर्ष ७५ प्रतिशत | पहिलो र दोस्रो गरी १६ जना | २२२ |
| ८ | पुष्प खेतीमा सहयोग अनुदान | ५० प्रतिशत | ४ जना | २७० |
| ९ | बीउ विजनमा आत्म निर्भर कार्यक्रम टि.पि.एस आलु | ५० प्रतिशत | १७ जना | २९९ |
| जम्मा | | | | ३४७६ |

## १८ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने तथा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। त्यस्तै नियम ३९(२) मा उपनियम १५ मा उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने र त्यसरी तयार पारेको विवरण आर्थिक विवरणको साथमा संलग्न गरी तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनुपर्ने व्यवस्था छ। पालिकाले भुक्तानी दिन बाँकीको विवरण तयार नगरी विभिन्न शीर्षकमा आर्थिक वर्ष २०८०।०८१ मा खर्च गरी दायित्व सृजना भएको रु.८,१०,२१,९०५ रकम यस वर्ष भुक्तानी गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गराई राख्ने तथा त्यसरी तयार पारेको विवरण आर्थिक विवरणको साथमा संलग्न गरी कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षकको कार्यालयमा समेत पठाउने व्यवस्था गर्नुपर्दछ।

## १९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ मा मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र ४२ वटा सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुले सुचना तथ्याँक तथा प्रतिवेदन लगायतका विवरणहरु एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट दाखिला गरेको पाइएन। कोपोमिस पुनर्ताजगी तालिम बापत रु.९९०००, सहकारी ब्यवस्थापन तालिम वापत रु १९७१०० खर्च गरेको देखिन्छ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी

तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला नगरेको र सहकारीसम्बन्धी तालिमको कुनै उपादेयता नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

२० **फोहोरमैला व्यवस्थापन**

गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८(१) मा गाउँपालिका वा सम्बन्धित वडाले फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउने व्यवस्था छ । पालिकाले आफ्नै कर्मचारी तथा सवारी साधनको प्रयोग गरी बजार क्षेत्रबाट फोहोर उठाई व्यवस्थापन गर्दै आएको र सो बापत सेवा शुल्क उठाउने गरेको देखिएन। कार्यविधिमा व्यवस्था भए बमोजिम फोहोरमैलालाई स्रोतमा नै वर्गिकरण गरी निश्चित सेवा शुल्क लगाई फोहोरमैलाको व्यवस्थापन गर्ने कार्य गर्नुपर्दछ।

२१ **अनुत्पादक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१)घ मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निश्चित समूह तथा व्यक्तिलाई लाभ प्राप्त हुने देहायका कार्यक्रम तथा योजनामा बजेट प्रस्ताव गरी कार्यान्वयन गरेको देखिन्छ। बजेट प्रस्ताव गर्दा बढी प्रतिफल भएका र सामाजिक लाभ उच्च भएका कार्यकम तथा आयोजना छनौट गरी गर्नुपर्दछ।

| क्र.सं. | कार्यक्रम/आयोजना | भौ.नं./मिति | खर्च रकम रु. |
|---|---|---|---|
| १ | जय गुरुदेव मन्दिर निर्माण | ११७।२०८१।१२।७ | ५६०२९० |
| २ | सिमलतारा चर्च निर्माण | २७४।२०८२।३।१२ | ३८३८०० |
| ३ | धैरेनीमा मन्दिर निर्माण | २३३।२०८२।२।१९ | १४४००० |
| ४ | खड्गपुर चर्चमा कार्पेट र फर्निचर | ४६९।२०८२।२।२० | १००००० |
| ५ | मौलो पुजा | ५९९।२०८२।३।२१ | २१६०० |
| ६ | माधवपुर दुर्गा मन्दिर निर्माण | २१९।२०८२।२।११ | ५३९०० |

२२ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका निकायलाई खर्च गरेको कार्य नियमसम्मत देखिँदैन।

| संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|
| घोराही इ.प्र.का. | खेलकुद सामाग्री खरिद | ३०५०० |
| इ.प्र.का. गठवा | मेसिनरी सामाग्री (कम्प्युटर, प्रिन्टर, ल्यापटप लगायत) | १४८५०० |
| एण्टी नार्कोटिक्स फाउण्डेशन नेपाल | | ३८१००० |
| नेपाल रेडक्रस सोसाइटी | औषधी तथा सर्जिकल सामाग्री खरिद | २००००० |
| जम्मा | | ७६०००० |

२३ **विल भरपाई बेगर भुक्तानी**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । दिगो विकासका लागि सहकार्य नेपाललाई C.U.R.E. (USA) बाट द्वारा

गरिन लागेको स्वास्थ्य संस्थाको अध्ययनका परामर्श शुल्क भनि विल भरपाई बेगर रु.२५०००० भुक्तानी गरेको छ। लेखापरीक्षणको क्रमसम्म उक्त संस्थाले कुनै पनि अध्ययन प्रतिवेदन तथा स्वास्थ्य सामाग्री उपलब्ध नगराएको हुँदा उक्त खर्चलाई पुष्टि गर्ने विल भरपाई तथा प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष १८६ जनालाई औसत ३६ दिनले जम्मा दिन ६७२५ रोजगारी उपलव्ध गराई रु.४३८२३००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन । कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| आर्थिक वर्ष | कार्यक्रम/ योजना सञ्चालन | ज्याला खर्च रकम | तलबमा खर्च भएको रकम | कुल खर्च रकम |
|---|---|---|---|---|
| २०८१।८२ | २१ | ४३८२३०० | १४७०९३७ | ५८५३२३७ |

२५ **दरबन्दी भन्दा बाहिरका करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी वेगरका सामाजिक परिचालक १, कार्यालय सहायक १, सहायक चौंथो १, सर्वेक्षक १, टेलिसेण्टर अपरेटर १ र अमिन ४ जना कर्मचारी करार नियुक्ति गरी तलव भत्ता रु. ३३१०९०६ ।- भुक्तानी गरेको देखिन्छ। स्वीकृत दरबन्दी बेगर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,१०,९०६ |

२६ **कानुनी सल्लाहकार तथा सचिवालय व्यवस्थापक**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। पालिकाले यस वर्ष मासिक रु. २१००० र चाडपर्व खर्च र पोशाक समेत पाउने गरी पालिकाको सचिवालय व्यवस्थापक पदमा १ जना र वार्षिक रुपमा रु. ३०००० सुविधा पाउने गरी १ जना कानुनी सल्लाहकार नियुक्त गरी जम्मा रु. ५८३००० भुक्तानी दिएको छ । ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नु पर्नेमा ऐनमा समावेश नगरी खर्च गरेको कार्य नियमम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,८३,००० |

२७ **बढी भुक्तानी**

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८ **राजस्व तथा आन्तरिक आय**

२८.१ **नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त रकम विविध खर्च खातामा दाखिला** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा प्रदेश र गाउँपालिका तथा नगरपालिकाले राजस्व बाँडफाँट गर्ने शीर्षकबाट संकलन गरेको राजस्व जम्मा गर्दा प्रदेशस्तरमा एक कोष रहने र सो कोषमा आफुले संकलन गरेको राजस्व अलग अलग रुपमा स्रोतको शीर्षक खुल्ने गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले राप्ती नदीका विधिन्न घाटहरुबाट उत्खनन गरी विभिन्न स्थानमा घाटगद्दी गरेका नदीजन्य पदार्थ बिक्रीको लागि वोलपत्र आह्वान गरेकोमा देहायका ठेक्काबाट प्राप्त राजस्व रकम पालिकाको विविध खर्च खातामा जम्मा गरेको देखिन्छ। नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त आय रकम प्रदेश विभाज्य कोषमा दाखिला गरी बाँडफाँट गर्नुपर्नेमा पालिकाको विविध खर्च खातामा जम्मा गर्नु मनाशिव देखिएन। बाँडफाँट गर्नुपर्ने आय रकम कानुन बमोजिम विभाज्य कोषमा दाखिला गरी बाँडफाँट गर्ने व्यवस्था गर्नुपर्दछ।

| **क्र.सं.** | **आय ठेक्का नं.** | **भौ.नं./मिति** | **रकम** |
|---|---|---|---|
| १ | RBM/NCB/22/2080/081 समेत | ५।२०८१।६।२१ | ३४८४३०१ |
| २ | RBM/NCB/6/2081/082 समेत | १२।२०८२।३।४ | १०४२६५७७ |
| ३ | RBM/NCBर14/16/2081/082 समेत | १५।२०८२।३।१७ | १६४०७४३९ |
| ४ | RBM/NCB/9/10/2081/082 समेत | २३।२०८२।३।२५ | २०२५६४० |
| | **जम्मा** | | **३२३४३९५७** |

२८.२ **आय ठेक्कामा जरिबाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलीपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने र समयमा दाखिला नगरेमा १० प्रतिशत जरिबाना तिराउनुपर्ने व्यवस्था छ। पालिकाले घाटगद्दीबाट नदीजन्य पदार्थ बिक्रीका लागि ठेक्का नं. RBM/NCB/04/2080/081 र RBM/NCB/05/2080/081 बाट चौधरी ईन्टरप्राईजेज, कपिलवस्तुसँग सम्झौता गरेकोमा सम्झौताका बखत तोकेको समयमा रकम दाखिला गरेको देखिएन। पालिकाले पटक पटक दाखिला गर्नको लागि पत्राचार गरेको देखिन्छ। ढिलो गरी राजस्व बुझाउने सम्बन्धित फर्मबाट जरिबाना रकम असुल गर्नुपर्ने देखिएको रु

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **३१५,७०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८.३ **राजस्व बक्यौता**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन तथा सोही दिन सम्भव नभए सो को भोलीपल्ट प्रचलित ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने र समयमा दाखिला नगरेमा १० प्रतिशत जरिबाना तिर्नुपर्ने व्यवस्था छ। पालिकाको वडा नं. ६ स्थित गढवा बजारमा रहेका ११ वटा सटर मध्ये १० वटा सटर मासिक रु.८००० का दरले भाडामा लगाएको विवरण उपलब्ध गराएको देखिन्छ। सटर भाडामा लगाउँदा कुनै प्रतिष्पर्धा गराएको देखिएन साथै धाडा लगाउने निर्णय समेत उपलब्ध गराएन। पालिकाले उपलब्ध गराएको विवरण अनुसार भाडामा लगाएको मध्ये देहायका व्यक्तिबाट प्राप्त हुनुपर्ने राजस्व प्राप्त भएको देखिएन। सूचना प्रकाशन गरी प्रतिष्पर्धात्मक तरिकाले भाडामा लगाउने व्यवस्था गर्नपर्दछ साथै असुली हुने समयसम्मको वार्षिक १० प्रतिशतले जरिबाना समेत लगाई राजस्व रकम असुल गर्नुर्पने देखिएको रु

| क्र.सं. | नाम, ठेगाना | अवधि | बक्यौता रकम |
|---|---|---|---|
| १ | शारदा धिताल, गढवा-६ | साउन देखि आषाढसम्म १ वर्षको | ९६००० |
| २ | विमल शाह, गढवा-६ | साउन देखि आषाढसम्म १ वर्षको | ९६००० |
| ३ | शिवा श्रेष्ठ, गढवा-६ | साउन देखि आषाढसम्म १ वर्षको | ९६००० |
| जम्मा | | | २८८००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८८,००० |

२९ **बजेट विनियोजन नगरी खर्च**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २७ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाईने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७(५) मा विनियोजन ऐन वा पेश्की खर्च ऐनबाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्विकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आयोजना वा कार्यक्रम स्विकृत गरेको वा वा ठेक्का लगाएको वा खरिद प्रक्रिया प्रारम्भ गरेको रकम बराबरको रकम लेखा उत्तरदायी अधिकृतले गर्नेछ र लेखा उत्तरदायी अधिकृतले त्यस्तो काम कारबाही गरेमा संवैधानिक अङ्ग वा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग वा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीयस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्य मन्त्रीले त्यस्तो जरिबाना गर्ने व्यवस्था छ। पालिकाले नदीजन्य पदार्थ उत्खनन तथा घाटगद्दि गर्ने कार्यक्रम छनौट गरी बजेट तथा कार्यक्रममा समाबेश गरी गाउँ सभाबाट स्वीकृति पश्चात मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेमा बजेटमा समाबेश नगरी सभाबाट स्वीकृतसमेत नगराई नदीजन्य पदार्थ उत्खनन तथा घाटगद्दि गर्ने कार्य निम्न बमोजिमका निर्माण व्यवसायीबाट गराई गाउपालिकाको संचित कोषबाट नभई सिधै विविध खर्च खाताबाट भुक्तानी गरेको देखिन्छ । यसबाट सम्बन्धित गाउँसभाबाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने व्यवस्थाको पालना भएको पाइएन । अर्कोतर्फ सबै किसिमका आय संचित कोषमा दाखिला हुनुपर्ने र सबै किसिमका खर्च संचितकोषबाट हुनुपर्नेमा सो समेत पालना भएको पाइएन । यसरी उक्त कार्यहरु सभाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रममा समावेश नरहेको तथा सभाको स्विकृती बेगर कार्यक्रम सञ्चालन गरी खर्च गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | कार्यको विवरण | भुक्तानी गरेको | रकम | भौ.नं./मिति |
|---|---|---|---|---|
| १ | राप्ती नदिको मलमला देखि बनघुस्रीघाट सम्मको खण्डबाट नदिजन्य पदार्थ उत्खनन् तथा घाटगद्धि गर्ने कार्य | बर्षा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ७३०८८४० | १३। २०८२। ३।४ |
| २ | राप्ती नदि झारबैरा घाट क्षेत्र नं. १ र २ बाट नदिजन्य पदार्थ उत्खनन् तथा घाटगद्धि गर्ने कार्य | भिमादेवी निर्माण सेवा | ८६३३७०६ | १६। २०८२। ३।१७ |
| ३ | राप्ती नदि धरमपुर घाट क्षेत्र नं. १ र २ बाट नदिजन्य पदार्थ उत्खनन् संकलन तथा घाटगद्धि गर्ने कार्य । | श्री कृष्ण बिल्डर्स | ६५४५५३८ | १७। २०८२। ३।१७ |
| ४ | राप्ती नदि रङ्गसिङ दोभान देखि मलमलाघाटसम्मको खण्डबाट नदिजन्य पदार्थ उत्खनन् संकलन तथा घाटगद्धि गर्ने कार्य । | भद्राक्षी निर्माण सेवा प्रा.ली. | ५८३४०२० | १८। २०८२। ३।१७ |
| ५ | राप्ती नदि बडहरा झो.पु. देखि तल पत्रिङ्गाघाटसम्मको खण्डबाट नदिजन्य पदार्थ उत्खनन् संकलन तथा घाटगद्धि गर्ने कार्य । | जयश्री तिरुपति कन्स्ट्रक्सन प्रा.लि. | ९३७३३५० | १९। २०८२। ३।१७ |
| ६ | राप्ती नदि पत्रिङ्गा देखि जेठानगाउँ सम्मको घण्डबाट नदिजन्य पदार्थ उत्खनन् संकलन तथा घाटगद्धि गर्ने कार्य । | फोरसाईट कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ७४९१९०० | २०। २०८२। ३।१७ |
| ७ | राप्ती नदि माथिल्लो बडहरा देखि तल्लो बडहरासम्मको घाटबाट नदिजन्य पदार्थ उत्खनन् संकलन तथा घाटगद्धि गर्ने कार्य। | नयाँ वली निर्माण सेवा | ९५८७७११ | २१। २०८२। ३।१७ |
| | **जम्मा** | | **५,४७,७५,०६५** | |

| | |
|---|---|
| अनियमित भएको | ५,४७,७५,०६५ |

३० **नदीजन्य पदार्थको मौज्दात**

**नदीजन्य पदार्थको मौज्दात:** आर्थिक बर्ष २०८१।०८२ मा पालिकाले ७ वटा ठेक्का मार्फत २६०२५० घनमिटर नदीजन्य पदार्थ उत्खनन गरी घाटगद्दी गरेकोमा आय ठेक्का मार्फत यस आर्थिक बर्षमा घाटगद्दी गरेको १६३८५० सहित २५४२११ घनमिटर बिक्री गरी रु.७८३५१४६५ आम्दानी गरेको देखिन्छ। यस बर्ष घाटगद्दी गरेको २६०२५० मध्ये ९६४०० घनमिटर मौज्दात रहेको देखिन्छ भने विगत बर्षमा घाटगद्दी गरी मौज्दात रहेको परिमाण पेश भएन। पालिकाले यस बर्षको बाँकी र विगत बर्षको बाँकीको विवरण अद्यावधिक गरी राख्नुपर्दछ।

३१ **कार्य स्विकार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा सोको प्रतिवेदन तयार पार्नुपर्ने व्यवस्था छ। नियम ११७(२) मा निर्माण कार्यको हकमा कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्विकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ११७(४) मा यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणीत नभएसम्म त्यस्तो कुनै पनि कार्य स्विकार गर्न नहुने व्यवस्था छ। कार्यालयले देहाय निर्माण कार्य सम्पन्न भएको कार्य स्विकार प्रतिवेदन समेत तयार पारेको र भौतिक प्रगति ९० प्रतिशत भन्दा कम रहेको

देखिन्छ। यसरी निर्माण गरिएका संरचनाहरुको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण नगरी कार्य स्विकार गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

| क्र.सं. | योजना | सम्झौता रकम रु. | कार्य मूल्याङ्कन रु. | घटी प्रतिशत |
|---|---|---|---|---|
| १ | सरस्वती मा.वि. गोबरहिया सडक निर्माण | २५९०१२५२ | २२८३२२३० | १३.४ |
| २ | कोईलाबास आँखा अस्पतालको ओटी भवन निमार्ण | २१३९३५१ | १९१४५०८ | ११.७४ |

३२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत वर्षसम्मको विधिन्न ब्यक्ति, फर्म, कम्पनि निर्माण ब्यावसायीलाई दिएको म्याद नाघेको पेश्की बाँकी जम्मा रु.४७७९०३२७ रहेको र चालु आर्थिक वर्षको म्याद नाघेको पेश्की रु.१०७११३० रहेकोले फर्स्यौट गर्नुपर्ने रु

| सि.नं | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ति,फर्म, कम्पनि वा निर्माण ब्यावसायी | चालु आ.ब को पेश्की | गत आ.व.को पेश्की | जम्मा म्याद नाघेको बाँकी पेश्की |
|---|---|---|---|---|---|
| | | | म्याद नाघेको | म्याद नाघेको | |
| १ | आवासीय भवन निर्माण | श्यामसुन्दरएन.बी.जे.भी. | ० | ११९६३९३४ | ११९६३९३४ |
| २ | सडक तथा पुल निर्माण | जय माँ स्वर्गद्वारी निर्माण सेवा प्रा.लि | ० | ३००००० | ३००००० |
| ३ | पुँजीगत परामर्श खर्च | नेक्स्ट जे.भि. कन्सल्टेन्ट प्रा.लि | ० | १३४९९३२ | १३४९९३२ |
| ४ | आवासीय भवन निर्माण | आदर्श रात्री नि.मा.वि गोबरडिहा | ० | १८००००० | १८००००० |
| ५ | आवासीय भवन निर्माण | उ.मा.वि चयनपुर देउखुरी गढबा | ० | १८००००० | १८००००० |
| ६ | गैर आवासीय भवन निर्माण | उ.मा.वि चयनपुर देउखुरी गढवा | ० | ६५०००० | ६५०००० |
| ७ | आवासीय भवन निर्माण | जनता उ.मा.वि कालाकाटे | ० | १८००००० | १८००००० |
| ८ | गैर आवासीय भवन निर्माण | जनता उ.मा.वि कालाकाटे | ० | २१५०००० | २१५०००० |
| ९ | आवासीय भवन निर्माण/खरिद | जनमुखी नि.मा.वि रङसिङ | ० | १८००००० | १८००००० |
| १० | गैर आवासीय भवन निर्माण/ खरिद | जनमुखी नि.मा.वि रङसिङ | ० | ६५०००० | ६५०००० |
| ११ | गैर आवासीय भवन निर्माण/ खरिद | नि.मा.वि बनघुस्री गढवा-१ | ० | ३६००००० | ३६००००० |
| १२ | गैर आवासीय भवन निर्माण/ खरिद | महेन्द्र नि.मा.वि कोइलावास | ० | १८००००० | १८००००० |
| १३ | गैर आवासीय भवन निर्माण/ खरिद | श्री मा.वि. पचहिया | ० | २१२५३०१ | २१२५३०१ |
| १४ | गैर आवासीय भवन निर्माण/ खरिद | सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा | ० | १८००००० | १८००००० |
| १५ | गैर आवासीय भवन निर्माण/ खरिद | सरस्वती नि.मा.वि. चन्दनपुर गढवा | ० | १८००००० | १८००००० |
| १६ | उद्यमशीलता विकास सीपमूलक तालिम सञ्चालन | रापि प्राविधिक शिक्षालय | ० | ५००००० | ५००००० |
| १७ | शैक्षिक संस्थाहरुलाई सहायता | सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा | ० | १०००००० | १०००००० |
| १८ | विद्युत विस्तार कार्य | नेपाल विद्युत प्राधिकरण लमही वितरण केन्द्र | १०७११३० | ० | १०७११३० |
| २२ | आवासीय भवन निर्माण/खरिद | सुरक्षित आवासका लाभग्राही घरपरिवारहरु | ० | ११७०११६० | ११७०११६० |
| **जम्मा** | | | **१०७११३०** | **४७७९०३२७** | **४८८६१४५७** |

| | |
|---|---|
| पेश्की | १०,७१,१३० |

३३ **१५ शैय्या अस्पताल निर्माण**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत १५ शैय्या अस्पताल निर्माण कार्यको लागि श्याम सुन्दर एन.बि. जे.भि. सँग मिति २०७८।१२।२२ मा कबोल रकम रु १३,४९,६८,९११।- (भ्याट/पि एस समेत) मा २०८०।१२।२४ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ३ पटक म्याद थप गरी २०८२।७।३० सम्म पुर्याईएको देखिन्छ। यो बर्ष पाँचौ र छैठौं रनिङ्ग बिल बापत रु. ५०९०१२४५ भुक्तानी भएकोमा भौतिक प्रगति ६५ प्रतिशत रहेको देखिन्छ। यस कामको अनुगमन गर्नको लागि एक जना सुपरभाईजरको नियुक्ति गरेको देखिन्छ । लेखापरीक्षण अवधिमा ९ दिन मात्र बाँकी रहेकोमा म्याद थप गरेको देखिएन। यस अघि म्याद थप गर्दा थप गर्नुपर्नाको कारण समेत उल्लेख नगरी म्याद थप भएको देखिन्छ। निर्माण कार्यमा भएको ढिलाईले पेश्की रकम लामो समयसम्म फछ्र्यौट नभई निर्माण व्यवसायीसँग नै रहेको अवस्था छ। पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई पालिकाबाट नियमित अनुगमन गरी छिटो निर्माण सम्पन्न गरी प्रयोग गर्ने व्यवस्था गर्नुपर्दछ।

३४ **सुपरभाईजरलाई बढी भुक्तानी** (27-2082-03-13):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१३** को निर्णयले रू **१७,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **गढवा क्याम्पस चोक खरखरे डाँडा मनिकापुर बक्रहवा जाने बाटो**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ। गढवा क्याम्पस चोक खरखरे डाँडा मनिकापुर बक्रहवा जाने बाटो कालोपत्रे गर्नको लागि डिपिआर गरे बापत कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. लाई रु. ३२५४४० भुक्तानी गरेको देखिन्छ। डिपिआरले कुल लागत अनुमान रु.१९५६८०६०२ तथा प्रति किलोमिटर लागत रु.३४४९९१९३ लाग्ने अनुमान गरेकोमा पालिकाले रु.२९६७१७९४ लागत अनुमान स्विकृत गरी डी.पी.आर. भन्दा फरक रुपमा २४९७ मिटर सडक कालोपत्रे गरेको देखिन्छ। डी.पी.आर. मा गरेको लगानीको सदुपयोग हुने गरी डी.पी.आर. बमोजिम निर्माण कार्य गर्नुपर्दछ।

३६ **शिक्षातर्फ**

३६.१ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये राहात / करार / स्रोत शिक्षक |
|---|---|---|---|---|
| १ | प्राथामिक तह ( १ - ५ ) | ११६ | ११६ | २९ राहत ३ करार |
| २ | निम्नमाध्यमित तह ( ६ - ८ ) | २९ | २९ | ११ राहत २ करार |
| ३ | माध्यामिक तह ( ९ - १० ) | १७ | १७ | ३ राहत |
| ४ | माध्यामिक तह ( ११ - १२ ) | ७ | ७ | ५ राहत |
| जम्मा | | १६९ | १६९ | ५३ |

३६.२

**शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत २८ सामुदायिक विद्यालयमा १७४ जना शिक्षक र ५८५६ विद्यार्थी रहेकोमा समग्रमा शिक्षक विद्यार्थी अनुपात १:३३ रहेको छ । यसरी हेर्दा पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:५० भन्दा माथि हुने विद्यालय ३ छन् भने शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम हुने १० विद्यालयहरु निम्नानुसार छन् :-

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री दुर्गा प्रा.वि.खबरीनाका | २ | १४ | ७ |
| २ | श्री महेन्द्र आ.वि.कोइलाबास | ३ | ६६ | २२ |
| ३ | श्री उदय प्रा.वि.मुसिनाका | २ | १५ | ७ |
| ४ | श्री बालबुद्धि प्रा.वि.खबरीखुटी | २ | ३५ | १८ |
| ५ | श्री बालकल्याण आ.वि.बालाखुटी | ८ | २३७ | ३० |
| ६ | श्री दुर्गा आ.वि.मनिकापुर | ८ | २०९ | २६ |
| ७ | श्री ज्ञानज्योती प्रा.वि.मानपुर | ३ | ४८ | १६ |
| ८ | श्री जनता मा.वि. गढवा | २२ | ९२४ | ४२ |
| ९ | श्री मदरसा जियाउल तौहिद रामपुर | १ | ५३ | ५३ |
| १० | श्री सरस्वती आ.वि.चन्दनपुर | ७ | १४६ | २१ |
| ११ | श्री सर्वोदय प्रा.वि.गढवा | ३ | ० | ० |
| १२ | श्री दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | १० | ३७६ | ३८ |
| १३ | श्री कालिका प्रा.वि.पर्सेनी | ३ | ३५ | १२ |
| १४ | श्री मा.वि.चैनपुर | १४ | ३९३ | २८ |
| १५ | श्री नमूना आ.वि.कक्रहवा | ६ | ६३ | ११ |
| १६ | श्री प्रा.वि.खजरौटा | ३ | ४० | १३ |
| १७ | श्री आदर्श प्रा.वि.बडहरा | २ | ९० | ४५ |
| १८ | श्री आदर्श रात्री आ.वि.गोबरडिहा | ६ | २०६ | ३४ |
| १९ | श्री गणेश प्रा.वि.चिमचिमे | २ | ४० | २० |
| २० | श्री जनमुखी मा.वि.रङसिङ | ५ | २२६ | ४५ |
| २१ | श्री जनता मा.वि. कालाकाटे | १४ | ६९९ | ५० |
| २२ | श्री मा.वि.पचहिया | ८ | ६७२ | ८४ |
| २३ | श्री नमूना प्रा.वि.महदेवा | ५ | ६८ | १४ |
| २४ | श्री आ.वि.बनघुस्री | ५ | २६९ | ५३ |
| २५ | श्री रत्न प्रा.वि.रतनपुर | २ | ४ | २ |
| २६ | श्री रात्री प्रा.वि.पचहिया | ४ | ८८ | २२ |
| २७ | श्री सरस्वती मा.वि.विद्यानगर | २३ | ७८० | ३३ |
| २८ | श्री सरस्वती प्रा.वि.सुपैला | २ | ६० | ३० |
| जम्मा | | १७४ | ५८५६ | ३३ |

सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन ।

३६.३ **विद्यालय निकासा:** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को वित्तीय व्यवस्थापन सम्बन्धी निर्देशिनको विदा नं १३ मा विद्यायमा हुने खरिद कार्य प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, खरिद ऐन, नियमावलीको अधीनमा रहि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार विद्यालयलाई निकासा दिएको रकमको ऐन, नियमावलीको व्यवस्था अनुसार गरेको खर्चको विवरण बिल भरपाई कागजात सहित प्रमाण पेश गर्नुपर्ने रु

| क्र.स. | विवरण | विद्यालय | रकम |
|---|---|---|---|
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन | श्री जनता माध्यमिक विद्यालय कालाकाटे | ३००००० |
| २ | कार्यसम्पादनमा आधारित प्रोत्साहन | श्री सरस्वती माध्यमिक विद्यालय, विद्यानगर | २००००० |
| | जम्मा | | ५००००० |

३६.४ **एसईई परीक्षा उत्तीर्ण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा आधारभूत तथा माध्यामिक शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारभित्र समावेश गरेको देखिन्छ।गाउँपालिका भित्र माध्यमिक विद्यालयबाट एसईईमा ३७६ विद्यार्थि सहभागि भएकोमा ८७ जना विद्यार्थि उत्तीर्ण भएका छन्। यो पालिकाबाट गत वर्ष ९ प्रतिशत विद्यार्थि उत्रिर्ण भएकोमा यो वर्ष २३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिएको छ। पालिका भित्रको शिक्षामा सुधारको कदम चाल्दै उत्तीर्ण प्रतिशतमा सुधार ल्याउन जोड दिनुपर्दछ।

३६.५ **कक्षा ८ को परिक्षा :** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०२ अनुसार कक्षा ८ परीक्षा संचालनका लागि प्रति विद्यार्थी रु.२७५ का दरले खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले दिएको EMIS रिपोर्ट अनुसार कक्षा ८ को विद्यार्थी संख्या जम्मा ६०५ मात्र देखिन्छ सो अनुसार रु.१६६३७५ खर्च गर्नुपर्नेमा रु.२,३७,६०० खर्च गरेको देखिएकोले कार्यविधिले तोकेको सीमाभन्दा बढी खर्च गरेको रु. ७१२२५ अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७१,२२५ |

३६.६ **विद्यालयको लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यबस्था छ। पालिका अन्तर्गत २८ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराइ प्रतिबेदन पेश भएको देखिएन। पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई विद्यालयहरुमा वित्तीय अनुशासन कायम गराउनुपर्दछ।

३६.७ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

३६.८

**निजि विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

३६.९ **सार्वजनिकरण** – अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कुल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेबसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्नेमा सार्वजनिक गरेको देखिएन।

३६.१० **अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

## ३७ न्यानो झोला वितरण

आर्थिक वर्ष ०८१।८२ मा स्थानीय तहहरुबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शनको मातृ तथा नवशिशु कार्यक्रमको कार्यक्रम नं २ अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ । सोही बमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ । पालिकाको वर्थिङ्ग सेन्टरमा आव २०८१।८२ मा जम्मा २७१ सुत्केरी भएकोमा अघिल्लो आर्थिक वर्षको मौज्दातमा ४४९ थान न्यानो झोला बाँकी रहेको भएपनि पालिकाले यस आर्थिक वर्षमा कोटेशन मार्फत ५०० थान न्यानो झोला खरिद गरी अघिल्लो आर्थिक वर्षको बाँकी न्यानो झोलाबाट २७१ वटा वितरण गरी ६७८ मौज्दात बाँकी रहेको देखिन्छ । पालिकाले अभिलेख राखी आवश्यक मात्रामा मात्र खरिद गरी कार्यविधिले तोके बमोजिमको गुणस्तरीय न्यानो झोला उपलब्ध गराउनुपर्दछ ।

## ३८ स्वास्थ्य स्वयंसेविका खर्च

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ पहिलो संशोधन २०७६ अनुसार तराइमा १००० जनसंख्याको लागि एक जना रहने गरी स्वास्थ्य स्वंय सेविका छनोट गर्नुपर्ने र यसबाहेक स्थानीय आवश्यकतामा संख्या थप गर्न सकिने तर थप गरिएको स्वयं सेविकाहरुको आर्थिक भार स्थानीय सरकार आफैँले व्यवस्था गर्नुपर्नेछ । पालिकाको २०७८ को जनगणना अनुसार पालिकाको ४५,८९८ जनसंख्या रहेको छ । यसअनुसार पालिकामा ४६ महिला स्वयंसेविका रहनुपर्नेमा ८२ जना रहेको दिखिन्छ। पालिकाले ६० वर्ष उमर पुरा भई अवकाश भएका राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविकाहरुको ठाउँमा नया थप १५ जना महिला स्वास्थ्य स्वयं सेविकाहरु राखेकोमा पालिकाले यस सम्बन्धमा थप स्वास्थ्य स्वयं सेविकाहरु राख्नै पर्ने कुनै आधार बिना नै राखेकोले पालिकाले मापदण्ड भन्दा बढी राखेको स्वास्थ्य स्वयं सेविकाको संख्या घटाउँदै जाने तर्फ ध्यान दिनुपर्दछ ।

३९ **औषधी खरिद**

पालिकालाई आवश्यक पर्ने औषधी मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय सशर्त बजेट उप शीर्षकबाट र गाउँपालिका चालु शीर्षकबाट औषधी खरिद गरी विभिन्न फर्मलाई रु.४०७२६८५ भुक्तानी दिएको छ। जसमध्ये ई-बिडिङ्ग मार्फत सिर्जना मेडिसिन सम्लायर्ससँग रु.२०५८११५ को औषधि खरिद गरेको छ भने सोझै खरिद मार्फत पुनः सिर्जना मेडिन सप्लायर्ससँग रु.५१९००० को खरिद गरेको छ। त्यस्तै सोझै खरिद मार्फत युभान मेडिटेक सप्लायर्ससँग रु.९९७००० र मेडिकेम सर्जिकल सप्लायर्ससँग रु.४९८५७० को खरिद गरेको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन साथै आवश्यकताको पहिचान गरी ई-बिडिङ्गबाट एउटै फमसँग औषधी खरिद गर्न सकिनेमा पटकपटक फरक फरक फमसँग खरिद गर्दा मितब्ययी पनि नहुने देखिन्छ। अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४० **विपद व्यवस्थापन कोषबाट खर्च**

गढवा गाउँपालिका विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ को दफा ७(३) मा कोषमा जम्मा भएको रकम तथा सामाग्री विपदबाट प्रभावित व्यक्ति वा समुदायको खोजी, उद्धार, राहत, पुनर्स्थापना, विपदको पूर्वतयारी तथा प्रतिकार्य जस्ता कार्यमा गर्नुपर्ने र दफा ७(४) मा नियमित रुपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न नपाईने व्यवस्था छ। पालिकाले विपद व्यवस्थापन कोषको विपद तथा प्राकृतिक प्रकोपबाट पिडितहरुका लागि राहत तथा उद्धार शीर्षकबाट देहायका नियमित प्रकृतिका कार्यमा खर्च गरेको देखिन्छ। कार्यविधिले तोकेको क्षेत्रभन्दा फरक हुने गरी नियमित प्रकृतिको काममा खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| क्र.सं. | कार्यको विवरण | भौ.नं./मिति | रकम |
|---|---|---|---|
| १ | ६ नं. वडा कार्यालयमा खानेपानी व्यवस्थापन र टयाङ्की जडान । | २७।२०८१।८।१२ | १८८१९० |
| २ | गढवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई मोटर खरिद | ३२।२०८१।९।९ | १७३४९० |
| ३ | धैरेनी खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई मोटर खरिद | ४३।२०८१।१२।२९ | २८२७०० |
| ४ | दमकल मर्मत | ५३।२०८२।३।१८ | २५४००० |
| ५ | प्रनाहा खोला पुलनेर तटबन्ध निर्माण | ५।२०८१।६।२१ | ५९८५०० |
| ६ | कक्रहवा खोला कटान नियन्त्रण | ६।२०८१।६।२१ | ६९९००० |
| ७ | पूर्वि चैनपुर भालुधोन्द्रे खोलामा तटबन्ध निर्माण | २०।२०८१।७।८ | १९९३०० |
| ८ | धनीराम यादवको घरनेर खोल्सामा तटबन्ध निर्माण | ३।२०८१।६।२१ | २९४००० |
| ९ | धानखोलास्थित बेड एण्ड ब्याङ्क प्रोटेक्सन कार्य | २९।२०८१।०८।२८ | ३५०००० |
| | **जम्मा** | | **३०३९१८०** |

| | |
|---|---|
| अनियमित भएको | ३०,३९,१८० |

४१ **हेफर प्रोजेक्ट**

कृषि तथा पशु वस्तुको उत्पादनमा वृद्धि गरी रोजगारी प्रवर्द्धन र उद्धमशिलता विकासका लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्दमशिलता साझेदारी परियोजनाका लागि गढवा गाउँपालिका र हेफर प्रोजेक्ट नेपालबिच २०७९।९।२६ मा

सम्झौता भई आर्थिक वर्ष २०८१।०८२ मा रु.१५०००००० भुक्तानी गरेको सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार रहेका छन्।

४१.१ **पूर्व स्विकृती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(१) को प्रतिबन्धात्मक व्यवस्थामा कुनै अन्तर्राष्ट्रिय संघ संस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्विकृती लिएको हुनुपर्ने व्यवस्था छ। अमेरिकाको लिटिल रक आर्कानासमा ठेगाना भएको हेफर प्रोजेक्ट ईन्टरनेशनलबिच २०७९।९।२६ मा सम्झौता गरी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्धमशिलता विकास साझेदारी परियोजना सञ्चालनका लागि सम्झौता भएको देखिन्छ। हेफर प्रोजेक्ट नेपाल अन्तराष्ट्रिय गैरसरकारी संस्था रहेको देखिएकोले नेपाल सरकारको स्विकृती बिना सम्झौता गरी कार्य गरेको देखिएकोले पूर्व स्विकृती बिना गरिएको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००,००० |

४१.२ **गैरसरकारी संस्थाबाट काम**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने, दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मुल प्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा सार्वजनिक निकायले दश लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस संस्था मार्फत करोड पचास लाखको कार्य गराएकोमा नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरेको देखिएन। यसरी गराएको कार्य जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मुल प्रवाहीकरणजस्ता कार्य नभई खरिद गरी वितरण गर्ने प्रकृतिको रहेको देखिन्छ साथै पालिकामा पशु तथा कृषि शाखामा यस्तो कार्य गर्नको लागि पर्याप्त जनशक्ति रहेकोमा अन्य संस्था मार्फत कार्य गराएको देखिन्छ । यसरी खरिद कानुनले तोकेको अवस्था र प्रक्रिया विपरीत कार्य गरेको नियमसम्मत देखिँदैन ।पालिकाको आफ्नै जनशक्तिबाट कार्य सञ्चालन गर्नुपर्दछ।

४१.३ **खरिद कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१)क मा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म यस ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले तिन किस्ता बापत हेफर ईन्टरनेशनललाई रु.१५०००००० भुक्तानी गरेकोमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको खरिद विधि तथा प्रक्रिया अवलम्बन गरेको देखिँदैन। यसरी सरकारी रकम खर्च गर्दा सार्वजनिक खरिद ऐनको पालना नगरी गरेको कार्य नियमसम्मत देखिँदैन। खरिद गर्दा खरिद कानुनको प्रक्रिया पालना गर्ने गरी सम्झौता गर्नुपर्दछ।

४१.४ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धी कामको लागि सरकारी कर्मचारी बाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनिलाई पेश्की दिँदा प्रचलित कानुन बमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था छ। पालिकाले प्रथम किस्ता बापत रु. ५० लाख, दोस्रो किस्ता बापत रु. ५७६०८१३ र तेस्रो किस्ता बापत रु.३९२१४६३ गरी रु.१४६८२२७६ पेश्की भुक्तानी गरेकोमा बैंङ्क जमानत पेश गरेको देखिएन। कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनिलाई पेश्की दिँदा पेश्की रकमको सुरक्षाको लागि कानुन बमोजिम जमानत लिएर मात्र पेश्की उपलब्ध गर्नुपर्दछ।

४२ **प्रमाण पेश नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। त्यस्तै नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा कार्यसम्पन्न प्रतिवेदन

तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण तथा जडान कार्य गराउँदा कार्य स्विकार प्रतिवेदन तथा सामाग्री खरिद गर्दा स्पेसिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा निरीक्षण तथा परीक्षण नगरी स्विकार गरेको देखिएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | कामको विवरण | आपूर्तिकर्ता फर्म | भौ.नं./मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १नं. वडा कार्यालयमा खुला व्यायामशाला निर्माण | नेशनल मल्टी ईन्टरप्राईजेज | ३३४।२०८२।३।२१ | ४९८११६ | जडान नगरी राखेको, जडानको प्रमाण पेश गर्नुपर्ने। |
| २ | गढवा १ रङसिङमा खानेपानी आयोजना निर्माणको लागि ६३३० के.जी. HDPE पाईप खरिद | स्टार पोली पाईप ईन्ड्रस्ट्रिज प्रा.लि. | ६।२०८२।१।२१ | १२५८९०० | स्टोर दाखिला गरी दाखिला प्रतिवेदन र प्रयोग भएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने |
| ३ | वडा नं. ४ र ५ मा ह्युम पाईप खरिद | शिवम् पाईप एण्ड पोल उद्योग | १३६।२०८१।१२।२१ | १५५३१५ | प्रयोग भएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने। |
| ४ | ह्युम पाईप खरिद | साकार पाईप एण्ड पोल उद्योग प्रा.लि. | ३२६।२०८२।३।२१ | २५३६८५ | प्रयोग भएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने। |
| ५ | वडा नं. ६ मा ह्युम पाईप खरिद | शिवम् पाईप एण्ड पोल उद्योग | २५६।२०८२।३।४ | ८२००० | प्रयोग भएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने। |
| ६ | गङ्गापरस्पुर खानेपानी उपभोक्ता समितिलाई २३० थान पानी मिटर खरिद | एम.एस. हार्डवेयर | २८६।२०८२।३।१४ | २९६२८० | प्रयोग भएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने। |
| | **जम्मा** | | | २५४४२९६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,४४,२९६ |

## ४३ सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ६ मा कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नपुर्ने कार्य प्रगती अनुदान उपलब्ध गराएको मितिले तिन महिनाभित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष ९३ जनालाई रु.४५००० का दरले पहिलो किस्ता स्वरुप रु.४१८५००० र अघिल्लो आर्थिक बर्षमा पहिलो किस्ता लिई यस बर्ष निर्माण सम्पन्न भएका ८८ जनालाई रु.२६०३०९० गरी जम्मा रु.६७८८०९० भुक्तानी गरेको देखिन्छ। यस बर्ष ९३ जनाले पहिलो किस्ता लगेकोमा निर्माण सुरु भए नभएको तथा रकम दुरुपयोग गरे नगरेको सम्बन्धमा पालिकालाई कुनै जानकारी रहेको देखिएन। पहिलो किस्ता लगेका लाभग्राहीको नियमित अनुगमन तथा सहजीकरण गरी सम्बन्धित आर्थिक बर्षमा निर्माण सक्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

## ४४ जफत गरिएको नदिजन्य पदार्थको ढुवानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाको क्षेत्रभित्र रहेको राप्ती नदि तथा रणसिङमा अवैध रुपमा संकलन गरी राखेको ढुंगा जफत गरी डम्पिङ्ग गर्ने कार्यको लागि स्थानीय ट्रिपर प्रयोग गरे बापत गाडी धनीलाई रु.१७२१५०० भुक्तानी गरेको देखिन्छ। जफत गरिएको नदिजन्य पदार्थको परिमाण खुल्ने गरी विवरण राखेको देखिएन साथै मुचुल्का तयार पारेको समेत देखिएन। वडाध्यक्ष र सम्बन्धित ढुवानीकर्ताको निवेदनको आधारमा लोड अनलोड र ढुवानी बापतको रकम भुक्तानी गरेको देखिन्छ। जफत गरेको

सामाग्रीको परिमाण तथा प्रकार खुल्ने गरी प्रहरी लगायतको निकायको उपस्थितिमा मुचुल्का तयार पारी प्रतिष्पर्धा गराएर ढुवानी गर्ने व्यवस्था गर्नुपर्दछ।

| क्र.सं. | जफत मिति | ढुवानीकर्ता संख्या | स्थान | परिमाण | भौ.नं./मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | २०८१।८।१९ देखि ८।२५ सम्म | २५ | रात्ती नदी तथा रणसिङ खोला | १३२१ ट्रिप | १०४।२०८१।११।१२ | ११८८९०० |
| २ | २०८१।१०।६ | १० | रात्ती नदी | ३०२ ट्रिप | १५०।२०८१।१२।२६ | २७१८०० |
| ३ | | १२ | रात्ती नदी तथा रणसिङ खोला | २९० ट्रिप | २५०।२०८२।३।५ | २६०८०० |

४५ **वडा सचिवबाट निर्माण कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८२(२) ट मा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारमा सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने उल्लेख छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका वडाका वडा सचिवहरुले निर्माण सम्बन्धी कार्य गराएको भनी पेश गरेको बिल भरपाईका आधारमा भुक्तानी गरेकोमा लागत अनुमान तयार पार्ने, न्यूनतम ३ वटा फर्मसँगबाट दररेट माग गरी खरिद गनर्पुर्ने जस्ता व्यवस्थाको पालना गरेको देखिएन साथै प्रमुख प्रशासकीय अधिकृतलाई रहेको खरिद अधिकारको प्रत्यायोजन गरेको देखिएन। खरिद कानुनको पालना नगरी खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | कार्यक्रम/आयोजना | भुक्तानी पाउने | भौ.नं./मिति | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | वडा नं. २ मा सोमेश कुमार चौधरीको जग्गामा डप बोरिङ जडान | वडा सचिव अनिसा कुमारी चौधरी | २२३।२०८२।२।१२ | ८३०५० |
| २ | वडा नं. ७ मा बाटो ग्राभेल | वडा सचिव विष्णु बि.सी. | २४४।२०८२।३।१ | १००००० |
| ३ | वडा नं. ३ मा खाल्डाखुल्डी पुर्ने काम | वडा सचिव शिव कुमार चौधरी | २४८।२०८२।३।३ | ९६५६० |
| ४ | वडा नं. ३ मा ह्युम पाईप खरिद तथा जडान | वडा सचिव शिव कुमार चौधरी | २५४।२०८२।३।४ | ४४७०० |
| ५ | वडा नं. ७ मा खाल्डाखुल्डी पुर्ने तथा बाटो मर्मत | वडा सचिव विष्णु बि.सी. | ३०५।२०८२।३।१९ | ९६५९५ |
| | **जम्मा** | | | **४२०९०५** |

| | |
|---|---|
| अनियमित भएको | ४,२०,९०५ |

४६ **महिला परिवारलाई सुरक्षित आवास मार्फत सुदृढीकरण परियोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले निवास संस्था र ग्रामीण उत्थान केन्द्रको साझेदारीमा महिला परिवारलाई सुरक्षित आवास मार्फत सुदृढीकरण परियोजनाको लागि दिशु चौधरी र सरिता चौधरीको घर निर्माण बापत नयाँ नेपाल फिक्स्ड चिम्नी ईंटा उद्योग र स्वर्गद्धारी हार्डवेयरलाई रु.३५००१६ भुक्तानी गरेको देखिन्छ। छनौटको स्पष्ट मापदण्ड नबनाई एनजिओले छनौट गरेको आधारमा लागत अनुमान तयार नगरी तथा निर्माण भएको पुष्टि गर्ने प्राविधिक मूल्याङ्कन पेश नगरी भुक्तानी गरेको देखिएको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,५०,०१६ |

४७ **गैरसरकारी संस्थाबाट सरसफाई कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)क मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनिबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाभित्र वडा कार्यालय, स्वास्थ्य चौकीमा कार्यालय सहयोगी कर्मचारी तथा पालिकामा कार्यालय सहयोगी तथा सरसफाई कर्मचारीहरु कार्यरत रहेकोमा पालिकाभित्रका ८ वटा वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय परिसरमा सरसफाई गरेबापत एन्टिनार्कोटिक्स फाउण्डेसन नेपाललाई रु. ३८६८४० भुक्तानी गरेको देखिन्छ । आफ्नै कर्मचारीले नियमित रुपमा गर्ने कार्य गैरसरकारी संस्था मार्फत गराई भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,८६,८४० |

४८ **वितरणमा सार्वजनिक सूचना तथा मापदण्ड**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४(३) मा गाउँपालिका तथा नगरपालिकाले योजना तथा कार्यक्रम बनाउँदा स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता विषयलाई ध्यान दिई गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका कार्यक्रमबाट विभिन्न सामाग्री खरिद गरी वितरण गर्दा सबै नागरिकलाई सहभागी हुन सक्ने गरी सार्वजनिक सूचना प्रकाशन नगरी, वितरणको स्पष्ट मापदण्ड नबनाई वितरण गरेको तथा वितरण पश्चात त्यसको प्रभावकारिताको अध्ययन तथा मूल्यांकन गरेको देखिएन। पालिकाले कार्यक्रम सञ्चालन गर्दा पालिकाभित्रका अधिकाधिक संख्यामा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदाय सहभागिता र पहुँच पुग्ने र प्रत्यक्ष लाभ पुग्ने गरी गर्ने र त्यसको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गर्ने गरी गर्नुपर्दछ।

| **क्र.सं.** | **योजना** | **संख्या** | **भुक्तानी गरेको फर्म** | **भौ.नं./मिति** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १ | वडा नं. ७ मा सिँचाई मोटर र बोरिङ वितरण | १६ जना | प्रभात हार्डवेयर | ३३२।२०८२।३।२१ | २४९९६० |
| २ | वडा नं. १ मलमलामा सिँचाई मोटर र पाईप वितरण | ८ जना | संजय ईलेक्ट्रिकल्स एण्ड ईलेक्ट्रोनिक्स | ३५२।२०८२।३।२४ | २९८१७० |
| ३ | दिशु चौधरी र सरिता चौधरीको घर निर्माण | २ जना | नयाँ नेपाल फिक्स्ड चिम्नी ईंटा उद्योग र स्वर्गद्धारी हार्डवेयर | १५१।२०८१।१२।२६ | ३५००१६ |
| ४ | वडा नं. २ मा अपाङ्गता सहायता सामाग्री वितरण | २ जना | बिन्देश्वर चौधरी र मिना घर्ति | | १२५००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गढवा गाउँपालिका, दाङ , गढवा गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद पौड्याल | २०८१-६-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खिमलाल वली | २०८२-१०-०१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६४६,२२७ | ७७,९३७,१३७ | २,७९४,२९६ | ० | ० | १,०७१,१३० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८२,४४८,७९० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३५८,२२७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८२,०९०,५६३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३४१९०११७.८८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६२३७२५४१.८६ | चालु खर्च | ३६८६४३८८३.२३ |
| प्रदेश सरकारबाट अनुदान | २१२९७०३५ | पूँजीगत खर्च | २३२२४५५६२ |
| राजश्व बाँडफाँट | २०९८००३३५.२८ | वित्तीय/अन्य व्यवस्था | २४७०३०५८०.६९ |
| आन्तरिक आय | २२५६१७२४.०९ | | |
| अन्य आय | २५४६३१५५६.०४ | | |
| कुल आय | ८७०६६३१९२.२७ | कुल खर्च | ८४७९२००२५.९२ |
| बाँकी मौज्दात | | ५६९३३२८४.२३ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.व.को कारोबार | | | गत आ.व. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १४,६३,२८,७५६.५३ | ०.०० | १४,६३,२८,७५६.५३ | १२,८३,८५,५१८.२२ | ०.०० | १२,८३,८५,५१८.२२ |
| १३००० | अनुदान | | ३८,३६,६९,५७६.८६ | ०.०० | ३८,३६,६९,५७६.८६ | ३५,३०,०४,०६२.५० | ०.०० | ३५,३०,०४,०६२.५० |
| १४००० | अन्य राजस्व | | ८,५४,६०,१०२.८४ | ०.०० | ८,५४,६०,१०२.८४ | २,०७,२२,८३९.५२ | ०.०० | २,०७,२२,८३९.५२ |
| १५००० | विविध प्राप्ति | | ५,७३,२००.०० | ०.०० | ५,७३,२००.०० | १९,१३,५९४.०० | ०.०० | १९,१३,५९४.०० |
| क | कुल जम्मा प्राप्ति | | ६१,६०,३१,६३६.२३ | | ६१,६०,३१,६३६.२३ | ५०,४०,२६,०१४.२४ | | ५०,४०,२६,०१४.२४ |
| ३ | चालु | | ३६,८६,४३,८८३.८८ | ०.०० | ३६,८६,४३,८८३.८८ | ३७,०६,६८,६०३.८० | ०.०० | ३७,०६,६८,६०३.८० |
| २१००० | पारिश्रमिक / सुविधा | | ७,३०,०८,६२४.५५ | ०.०० | ७,३०,०८,६२४.५५ | ४,११,८१,०११.८४ | ०.०० | ४,११,८१,०११.८४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९,३६,०७,१६२.३५ | ०.०० | ९,३६,०७,१६२.३५ | १३,६६,०२,७३१.५६ | ०.०० | १३,६६,०२,७३१.५६ |
| २५००० | सहायता (Subsidy) | | १८,३१,४८,७७५.९८ | ०.०० | १८,३१,४८,७७५.९८ | १७,३४,७९,०३३.४० | ०.०० | १७,३४,७९,०३३.४० |
| २६००० | अनुदान | | ६,७६,६००.०० | ०.०० | ६,७६,६००.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,७९,०२,८२०.०० | ०.०० | १,७९,०२,८२०.०० | १,८८,७३,३३४.०० | ०.०० | १,८८,७३,३३४.०० |
| २८००० | अन्य खर्च | | २,९९,९०१.०० | ०.०० | २,९९,९०१.०० | ५,३२,४९३.०० | ०.०० | ५,३२,४९३.०० |
| ४ | पुँजीगत | | २३,२२,४५,५६२.०० | ०.०० | २३,२२,४५,५६२.०० | १५,६९,६२,१७२.०० | ०.०० | १५,६९,६२,१७२.०० |
| ३१११० | भवन तथा संरचना | | ४,८०,२६,६२४.०० | ०.०० | ४,८०,२६,६२४.०० | ४,३३,५०,७६०.०० | ०.०० | ४,३३,५०,७६०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,०३,०२,७९३.०० | ०.०० | १,०३,०२,७९३.०० | ६२,७६,५५४.०० | ०.०० | ६२,७६,५५४.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | | ०.०० | ०.०० | ०.०० | १६,१८,३९५.०० | ०.०० | १६,१८,३९५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १२,६९,०३,८२५.०० | ०.०० | १२,६९,०३,८२५.०० | १०,१३,६६,५१३.०० | ०.०० | १०,१३,६६,५१३.०० |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | | ११,७६,४७०.०० | ०.०० | ११,७६,४७०.०० | २१,५०,५५०.०० | ०.०० | २१,५०,५५०.०० |
| ३११७० | पुँजीगत सुधार खर्च | | ४,५८,३५,८५०.०० | ०.०० | ४,५८,३५,८५०.०० | २१,९९,४००.०० | ०.०० | २१,९९,४००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ६०,०८,८९,४४५.८८ | | ६०,०८,८९,४४५.८८ | ५२,७६,३०,७७५.८० | | ५२,७६,३०,७७५.८० |
| ग) | बचत /कमी (ग = क-ख ) | | १,५१,४२,१९०.३५ | | १,५१,४२,१९०.३५ | (२,३६,०४,७६१.५६) | | (२,३६,०४,७६१.५६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट | | ७४,३५,२१४.०० | | ७४,३५,२१४.०० | (१४,०१,७९०.४७) | | (१४,०१,७९०.४७) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१,६५,७६२.००) | | (१,६५,७६२.००) | | | |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | २,२५,७७,४०४.३५ | | २,२५,७७,४०४.३५ | (२,५०,०६,५५२.०३) | | (२,५०,०६,५५२.०३) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,४१,९०,११७.८८ | | ३,४१,९०,११७.८८ | ५,९१,९६,६६९.९१ | | ५,९१,९६,६६९.९१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,६७,६७,५२२.२३ | | ५,६७,६७,५२२.२३ | ३,४१,९०,११७.८८ | | ३,४१,९०,११७.८८ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- नदीजन्य पदार्थको बिक्रिबाट प्राप्त रकम प्रदेश विभाज्य कोषमा दाखिला गरी बाँडफाँड गर्नुपर्नेमा पालिकाको विविध खर्च खातामा दाखिला गरी सोही खाताबाट खर्च गरेको छ। विभाज्य कोषमा दाखिला गरी बाँडफाँड पश्चात स्थानीय सञ्चित कोषबाट खर्च गर्नुपर्दछ।
- कार्यक्रम तथा आयोजना बजेटमा समावेश गरेर मात्र खर्च गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकाले यस वर्षको आन्तरिक लेखापरीक्षण गरेको छैन। कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।